एक क्लिक, सबै खबर, एकै साथ www.rajdhanidaily.com

लोकप्रिय राष्ट्रिय दैनिक www.rajdhanidaily.com

# राजधानी

वर्ष २४, अंक २१७ सोमबार ७ माघ २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Monday 20 January 2025 | पृष्ठ : ८ | मूल्य रु. १०/-

prabhu Bank
BANK OF THE YEAR 2023

## हेडलाइन

विपद् प्रतिकार्यका लागि ५३औं टोली तयार



पृष्ठ २

गाजा युद्धविराम : शान्ति प्रयासमा एक खुड्किलो



पृष्ठ ३

रविलाई धरौटीमा रिहा गरेपछिका अनुत्तरित प्रश्न



पृष्ठ ४

माग सम्बोधनको पहल गर्ने आश्वासन



पृष्ठ ६

स्वास्थ्य बिमा कार्ययोजना बनाउन निर्देशन



पृष्ठ ७

बोपन्ना–सुवाईको जोडी क्वार्टरफाइनल प्रवेश



पृष्ठ ८

## प्रकृति र कंक्रिट



काठमाडौं कोटेश्वरबाट आइतबार देखिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा विमान अवतरणक्रममा देखिएको दृश्य । पृष्ठभूमिमा सफा मौसमसँगै खुलेको हिमशृंखला र तल्तिर कंक्रिटका घर । तस्बिर : द्वारिका काफ्ले/राजधानी

# सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य

निराजन पौडेल/राजधानी
काठमाडौं, ६ माघ

सर्वोच्च अदालतले राष्ट्रिय परियचपत्र-सम्बन्धी रिट खारेज गरिदिएको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नृपध्वज निरौलाको पूर्ण इजलासले राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सरकारको निर्णयविरुद्ध परेको तीन थान रिट निवेदन खारेज गर्दै निर्देशनात्मक आदेश जारी गरेको छ ।

रिट खारेजीसँगै अब सरकारलाई यसको काम अघि बढाउने बाटो खुलेको सर्वोच्चका प्रवक्ता अच्युत कुईकेलले जानकारी दिए । 'राष्ट्रिय परिचयपत्र अनिवार्य नगराउन भन्दै यसअघि सर्वोच्चले अन्तरिम आदेश दिएपछि सरकारले भ्याकेट निवेदन दिएको थियो,' कुईकेलले भने, 'रिट खारेजीसँगै सरकारले दिएको भ्याकेट निवेदनमा थप आदेश गरिरहनु परेन ।' सर्वोच्चले राष्ट्रिय परिचयपत्र अनिवार्य गराउँदा आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गर्न भनेको छ । साथै, राष्ट्रिय परिचयपत्र अनिवार्य लागू गराउँदा सुरुमा नागरिकका घरदैलोमा सहज रूपमा परिचयपत्र पुऱ्याउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको छ । सहज रूपमा राष्ट्रिय परिचयपत्र पुऱ्याएर



कार्यान्वयन गर्दा सबै नागरिकलाई सहजता हुने सर्वोच्चले भनेको छ । सरकारले सामाजिक सुरक्षा भत्ता लिन, मोबाइलको सिमकार्ड लिन र सबै सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेपछि त्यसविरुद्ध रिट दर्ता भएको थियो ।

बाँकी पृष्ठ ३ मा

# ८ खर्ब २२ अर्बको आयात ९८ अर्ब ७९ करोडको निर्यात

विनियोजित ७ खर्ब ३१ अर्ब ७९ करोडमध्ये पुस मसान्तसम्म २ खर्ब ६६ अर्ब ८५ करोड रुपैयाँ खर्च भएको छ

पूर्णभक्त दुवाल/राजधानी
काठमाडौं, ६ माघ

८ खर्ब २२ अर्ब रुपैयाँबराबरको वस्तु आयात भएको छ भने ९८ अर्ब ७९ करोड रुपैयाँबराबरको वस्तु निर्यात भएको छ ।

अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आर्थिक वर्षको ६ महिनामा वस्तु आयात ७ दशमलव १ प्रतिशतले बढेको छ । गत वर्षको यसै अवधिमा ७ खर्ब ६८ अर्ब रुपैयाँबराबरको वस्तु आयात भएको थियो ।



यस्तै, वस्तु निर्यात ३१ दशमलव ८ प्रतिशतले बढेको अर्थ मन्त्रालयले जनाएको छ । चालू आवको ६ महिनामा ९८ अर्ब ७९ करोड रुपैयाँबराबरको वस्तु निर्यात भएको छ । गत वर्षको यसै अवधिमा करिब ७५ अर्ब रुपैयाँबराबरको वस्तु निर्यात भएको थियो ।

मन्त्रालयका अनुसार गत वर्ष पुस मसान्तसम्ममा आयात ३ दशमलव १ प्रतिशत र निर्यात ७ दशमलव २ प्रतिशतले ऋणात्मक रहेको थियो । अर्थ मन्त्रालयले पुस महिनामा मात्रै १ खर्ब ६० अर्ब ५२ करोड रुपैयाँबराबरको वस्तु आयात भएको जनाएको छ ।

मंसिर मसान्तसम्ममा ६ खर्ब ६१ अर्ब रुपैयाँको वस्तु आयात भएकामा पुस एकै महिनामा देखिएको वृद्धिले ६ महिनामा ८ खर्ब २२ अर्ब रुपैयाँको आयात भएको भनाइ अर्थ मन्त्रालयको छ । मंसिरमा करिब १ खर्ब ४९ अर्ब रुपैयाँबराबरको वस्तु आयात भएको थियो ।

अर्थ मन्त्रालयका अनुसार चालू आवको पहिलो ६ महिनामा राजस्वमा १२ दशमलव ७ प्रतिशतको वृद्धि भएको छ । गत आवको सोही अवधिमा राजस्व वृद्धि ८ दशमलव २ प्रतिशत मात्र थियो । यसका साथै सरकारले चालू आवको पहिलो ६ महिनामा ७ दशमलव ८ प्रतिशत खर्च वृद्धि गरेको जनाएको छ । वित्तीय संस्थामा निक्षेप संकलन २ खर्ब ११ अर्बले वृद्धि भएको छ र कर्जा प्रवाहमा ४ दशमलव ४१ प्रतिशतले वृद्धि भएको छ ।

चालू खर्चका लागि विनियोजित ७ खर्ब ३१ अर्ब ७९ करोडमध्ये पुस मसान्तसम्म २ खर्ब ६६ अर्ब ८५ करोड रुपैयाँ खर्च भएको छ, जुन कुल व्ययको ३६ दशमलव ५ प्रतिशत हो । पुँजीगत खर्चमा १६ दशमलव २ प्रतिशत र वित्तीय व्यवस्थाका लागि ४३ दशमलव २ प्रतिशत खर्च भएको छ ।

अर्थ मन्त्रालयका अनुसार चालू आवको पहिलो ६ महिनामा १ खर्ब ८५ अर्ब ४४ करोड रुपैयाँ अनुदान हस्तान्तरण गरेको छ । यो वार्षिक विनियोजनको ४५ दशमलव ४ प्रतिशत हो । अर्थ मन्त्रालयका अनुसार चालू खर्चका लागि विनियोजित ७ खर्ब ३१ अर्ब ७९ करोड रुपैयाँमध्ये पुस मसान्तसम्म २ खर्ब ६६ अर्ब ८५ करोड रुपैयाँ खर्च भएको छ । यो कुल व्ययको ३६ दशमलव ५ प्रतिशत हो । यसैगरी, कुल विनियोजित ३ खर्ब ५२ अर्ब ३५ करोड पुँजीगत खर्चमध्ये ६ महिनामा ५६ अर्ब ९४ करोड रुपैयाँ खर्च भएको छ । यो वार्षिक विनियोजनको तुलनामा १६ दशमलव २ प्रतिशत खर्च हो ।

पहिलो ६ महिनामा वित्तीय समानीकरण अनुदानतर्फ ६८ अर्ब २६ करोड, ससर्त अनुदान १ खर्ब १२ अर्ब २५ करोड, समपूरक अनुदान २ अर्ब ४३ करोड, विशेष अनुदान २ अर्ब ५१ करोड गरी कुल १ खर्ब ८५ अर्ब ४४ करोड रुपैयाँ हस्तान्तरण भएको छ ।

यो वार्षिक विनियोजनको तुलनामा ४५ दशमलव ४ प्रतिशतबराबर हस्तान्तरण हो ।

बाँकी पृष्ठ ३ मा

# अन्ततः वामदेव एमाले प्रवेशतिरै

सुभाष साह/राजधानी
काठमाडौं, ६ माघ

राष्ट्रिय सभा सदस्य एवं नेकपा राष्ट्रिय एकता अभियानका संयोजक वामदेव गौतम नेपाल कम्युनिस्ट पार्टी (एमाले)मा प्रवेश गर्ने भएका छन् । प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र गौतमका बीचमा आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलपश्चात गौतमले एमालेमा प्रवेश गर्ने जनाएका हुन् ।

गौतम एमाले प्रवेश गरे पनि अभियानमा आबद्ध केही नेता नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)मा प्रवेश गर्ने भएका छन् । ती नेताले एमालेमा प्रवेश नगरी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) वा माओवादीमा प्रवेश गर्नुपर्ने अडान लिएको स्वयं गौतमले जनाएका छन् । प्रधानमन्त्री ओलीसँग छलफल भएपछि अब छिट्टै नै पार्टी प्रवेशको मिति, स्थान र समय तोकिने गौतमले जनाएका छन् । '२ वर्ष भयो मैले प्रयत्न गरेको, तपाईंले वास्तै गर्नुभएन, तर यसपालि बोलाउनुभयो ठीकै छ,' प्रधानमन्त्रीसँग भएको छलफलमा गौतमले भने ।




गौतमजस्तो पुरानो र इतिहास बोकेको नेता एमालेमा सक्रिय भएर लाग्नुपर्ने प्रधानमन्त्रीले गौतमसक्ष राखेका थिए । यसअघि गौतमले एमाले प्रवेश गर्न खोजेका थिए । तर, ओलीले उनलाई एमाले भित्र्याउन चासो दिएका थिएनन् । जब गौतमले एकीकृत समाजवादी प्रवेशका लागि माधवकुमार नेपालसँग छलफल थाले, त्यसपछि ओलीले पुनः गौतमलाई एमालेमै भित्र्याउने चाहना व्यक्त गरे । सोहीअनुसार एमालेका नेताहरूले गौतमसँग अनौपचारिक छलफल गर्दै ओलीसँगै भेट्टाउने र एमाले भित्र्याउनेगरी छलफल चलाए ।

'यसबीचमा मैले छलफल गरें, एकीकृत समाजवादीमा प्रवेश गर्ने औचित्य सकिएको छ, माधवजीसँग कुराकानी भयो तर कतिपय आशंकाजस्तो व्यक्त गर्ने काम भयो,' गौतमले भने, 'अब यी कुरा छाडिदिऊँ, ओलीजीले छिट्टै खबर आउँछ भन्नुभएको छ ।' यसअघि एकीकृत समाजवादीमा प्रवेश गर्ने अन्तिम चरणको छलफल भइसकेको थियो । कहिले एकीकृत समाजवादी त कहिले एमालेसँग छलफल गर्दै गौतम कुन पार्टीमा प्रवेश गर्ने भन्ने बारेमा अन्योलमा थिए । गत १७ पुसमा गौतमले एकीकृत समाजवादीसँग एकताको अन्तिम गृहकार्यमा रहेको बताएका थिए । एकीकृत समाजवादी अध्यक्ष नेपालसँगको संवादपछि गौतमले पार्टी एकता छिट्टै हुने बताएका थिए । 'समझदारी विकास गरिने भएको छ, यो त एउटा सानो पक्ष हो, यसैलाई खोल्नेबित्तिकै कति धेरै आउँछ, अबचाहिँ यस्तो भयो भनेर जुन दिन घोषणा गर्छौं, त्यही दिन बताउँछौं, यसरी पार्टी एकता गर्छौं,' केही समयअघि गौतमले भनेका थिए । त्यसपछि २७ पुसमा अभियानको केन्द्रीय कमिटी बैठक बस्ने र निर्णय गर्ने भनिएको थियो तर अभियानको बैठकले एकीकृत समाजवादीसँग तत्काल पार्टी एकता गर्ने कि नगर्ने कुनै निर्णय नै गर्न सकेन ।

बाँकी पृष्ठ ३ मा

व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं
लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दा:
बलियो पासवर्ड राखौ र पासवर्डलाई नियमित रूपमा परिवर्तन गर्नुहोस् ।
अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोल्नुहोस् ।
आफ्ना व्यक्तिगत विवरणहरू (ओटीपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई सेयर नगर्नुस्, सुरक्षित राख्नुहोस् ।
अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिनुस् ।
ह्वाट्स एप, इमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाउनुस् । त्यस्ता कल पटक पटक आए ब्लक गर्नुहोस् ।

# अस्ट्रेलियन युनिभर्सिटीमा भर्ना अभियान २१-२२ जनवरी-२०२५




• सुभेन्द्र थापा
एमडी,
शुभगृह इन्स्टिच्युट एन्ड कन्सल्टेन्सी प्रालि

अस्ट्रेलिया अध्ययन गर्न जान खोज्नेहरूका लागि काठमाडौंको बानेश्वर थापागाउँस्थित शुभगृह इन्स्टिच्युट एन्ड कन्सल्टेन्सी प्रालिले 'अस्ट्रेलियन युनिभर्सिटीमा भर्ना अभियान २१-२२ जनवरी-२०२५' सञ्चालन गरेको छ । यस अभियान यही २१ र २२ जनवरीका लागि सञ्चालन गरिएको हो। हाम्रो यस अभियानमा सहभागी भई सहज रूपमा अस्ट्रेलिया प्रवेश गर्न पाउनु नेपाली विद्यार्थीका लागि एकदमै सुनौलो अवसर हो । अस्ट्रेलियामा अध्ययन गर्न खोज्नेहरूका लागि यस अभियानमा भाग लिनु सानदार पहिलो चरण हो । जतिसक्दो धेरैलाई हाम्रो यस अभियानमा सहभागी भई अस्ट्रेलियामा अध्ययनको सपना साकार पार्न यस कन्सल्टेन्सीले सम्बन्धित सरोकारवालाहरूलाई आह्वान गरेको छ । यसले विद्यार्थीहरूलाई अस्ट्रेलियामा अध्ययन गर्न चाहने विद्यार्थीका लागि सम्पन्न अस्ट्रेलियन विश्व विद्यालयहरूको साथ राम्रो अवसर प्रदान गर्छ । यस अभियानमार्फत हाम्रो आगामी कार्यक्रममा सहभागीहरूलाई विशेष लाभहरू घोषणा गर्न हामी उत्साहित छौं । यस अभियानमा सहभागीहरूले (IELTS/PTE) परीक्षामा सहभागी हुन पाउनेछन् । यस परीक्षामा सहभागी हुनेहरूले हाम्रो प्रशिक्षण तयारी कक्षामा उल्लेखनीय ५० प्रतिशत छुटको लाभ लिन सक्नेछन् ।

यो प्रस्ताव तपाईंलाई आफ्नो शैक्षिक खोजीहरूको उत्कृष्ट मद्दतका लागि डिजाइन गरिएको हो । जबकि उल्लेखनीय रूपमा बचत गर्दै कार्यक्रमको अवधिमा सहभागी हुनेमध्ये एक जनालाई लक्की ड्रमार्फत विशेष भाग्यशाली विजेता घोषणा गर्न हामी उत्साहित छौं ।

यस कार्यक्रममा सहभागी भई विजेता घोषणा भई नाम छनोटमा परेकाहरूले तीन रोमाञ्चक पुरस्कारहरूमध्ये एक जित्ने मौका पाउनेछन् । एक ट्याबलेट, फिल्म टिकटहरू दुई र दुईका लागि 'शुभ टी पोइन्ट'मा ब्रेकफास्ट गर्न पाउनेछन् ।

**१. किन अस्ट्रेलिया भर्ना-२०२५ को २१ र २२ जनवरीमा सहभागी हुने ?**

- विश्वविद्यालयका प्रतिनिधिहरूमा प्रत्यक्ष पहुँच : अस्ट्रेलियाका प्रमुख विश्वविद्यालयहरूका प्रतिनिधिहरूसँग संलग्न हुनुहोस् र उपलब्ध छात्रवृत्तिहरूका बारेमा विस्तृत जानकारी प्राप्त गर्नुहोस् ।
- व्यक्तिगत परामर्श : तपाईंको शैक्षिक पृष्ठभूमि र करियर आकांक्षाका आधारमा उत्कृष्ट छात्रवृत्ति विकल्पहरूमा उपयुक्त सल्लाह प्राप्त गर्नुहोस् ।
- अन स्पट अफर लेटर : आफ्नो आवेदन र योग्यताबारे तत्काल प्रतिक्रिया प्राप्त गर्नुहोस् र सोही दिन प्रस्तावपत्र प्राप्त गर्नुहोस् ।
- व्यापक जानकारी : योग्यता मापदण्ड, आवेदन प्रक्रियाहरू र समयसीमासहित विभिन्न छात्रवृत्ति कार्यक्रमहरूबारे जान्नुहोस् ।
- उच्च-प्राथमिकता आवेदन : तपाईंको आवेदनको द्रुत प्रक्रियाको फाइदा लिनुहोस् ।
- उपलब्ध कार्यक्रमहरू :
  **डिप्लोमा**
  **स्नातक डिग्री**
  **मास्टर डिग्री**
  **पीएचडी डिग्री**

**२. अस्ट्रेलिया इम्पोजिङ क्याप २०२४**

अस्ट्रेलिया इम्पोजिङ क्याप डिसेम्बर २०२४ मा लागू भएको अस्ट्रेलियाको मन्त्रीस्तरीय निर्देशन १११ (MD १११) ले २०२५ मा नयाँ विदेशी विद्यार्थी भर्नाका लागि आफ्नो क्षमताको ८० प्रतिशत नपुगेका शैक्षिक संस्थाहरूमा आवेदनलाई प्राथमिकता दिएर विद्यार्थी भिसा प्रक्रियालाई सुव्यवस्थित गर्ने लक्ष्य राखेको छ ।

यी आवेदनहरू छिटो प्रक्रियामा छन् । जबकि यो थ्रेसहोल्ड नाघेका संस्थाहरूलाई मानक गतिमा ह्यान्डल गरिन्छ । विद्यार्थीहरूलाई तुरुन्तै आवेदन दिन सल्लाह दिइन्छ, किनकि प्रारम्भिक सबमिसनहरूले गति प्रशोधनको सम्भावना बढाउँछ, उनीहरूले ढिलाइबिना आफ्नो इच्छित पाठ्यक्रम र संस्थालाई सुनिश्चित गर्नेछ ।

**३. अस्ट्रेलिया भर्नामा सहभागी हुनुका फाइदाहरू**

समय र प्रयास बचत गर्नुहोस् एउटै छानामुनि बहु अस्ट्रेलियाली विश्वविद्यालयका साथ अन्तर्क्रिया गर्नुहोस् ।

- निजीकृत मार्गदर्शन : तपाईंको शैक्षिक पृष्ठभूमि र क्यारियर लक्ष्यहरूमा अनुरूप विशेषज्ञ सल्लाह लिनुहोस् ।
- छात्रवृत्तिका अवसरहरू : छात्रवृत्ति र वित्तीय योजनाबारे सिक्न
- अस्ट्रेलियाको विद्यार्थी क्याप लगाउँछ : यसले सबैका लागि गुणस्तरीय शिक्षा मापदण्ड र अवसरहरू सुनिश्चित गर्दा विद्यार्थीहरूको सेसा लिने लक्ष्य गर्छ ।
- अस्ट्रेलियाली संस्कृति अनुभव गर्नुहोस् : अस्ट्रेलियाली शिक्षा वातावरण जन्ने/बुझ्ने मौका आफूलाई दिनुहोस् र देशका लागि महसुस गर्नुहोस् ।

**४. IELTS संक्षिप्त सत्र**

यदि विदेशमा अध्ययन वा काम गर्ने सपना देखेको हो भने तपाईंहरूको यात्रा यहाँबाट सुरु हुन्छ । निःशुल्क IELTS संक्षिप्त सत्र र विज्ञ सल्लाहहरू प्राप्त गर्न ब्रिटिस काउन्सिल र IDP प्रतिनिधिद्वारा तपाईंको परीक्षण कसरी गर्ने भन्नेमा विज्ञ सल्लाहहरू प्राप्त गर्नुहोस् । हामी सहभागीहरूका लागि ५० प्रतिशत छुट प्रदान गर्दै छौं ।

**५. बारिस्ता प्रशिक्षण**

हामीले सहभागीलाई बारिस्ता प्रशिक्षण दिएर प्रमाणीकरणको प्रमाणपत्र पनि दिनेछौं । बारिस्ता प्रशिक्षणमार्फत सहभागीले व्यावहारिक अनुभव प्रदान गर्दैन । तर, बहुमूल्य ग्राहक सेवा सीपसँग पनि सुसज्जित हुनेछ । यी विदेशमा अध्ययन गर्दा आंशिक रोजगार पाउनका लागि पनि आवश्यक छन् । जसका लागि हामीले विस्तृत बारिस्ता प्रशिक्षण प्रदान गर्छौं ।

advt.

# विपद् प्रतिकार्यका लागि सशस्त्रको ५३औं टोली तयार

**राजधानी समाचारदाता**
काठमाडौं, ६ माघ



विपद् व्यवस्थापनको कार्यमा खटिँदै आएको सशस्त्र प्रहरी बल, नेपालमा विपद् व्यवस्थापनका लागि तालिमरत ५३औं टोली तयार भएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालय, सप्तरीमा विपद् व्यवस्थापनसम्बन्धी तालिमको समापनसँगै ५३औं टोली तयार भएको हो ।

बरमझियास्थित सशस्त्र प्रहरी बलको प्रांगणमा सशस्त्र प्रहरी बल, नेपाल नं २ छिन्नमस्ता बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कालिदास धौवजीको प्रमुख आतिथ्यमा सिसं ५३ विपद् व्यवस्थापन तालिमको समापन गरिएको हो । समापन कार्यक्रममा विशिष्ट अतिथिको रूपमा कञ्चनरूप नगरपालिका प्रमुख ललनप्रसाद गुप्ता र हनुमाननगर नगरपालिकाका प्रमुख वीरेन्द्र माझीको उपस्थिति थियो ।

कार्यक्रममा प्रशिक्षार्थीहरूले भूकम्प र आगलागीको समयमा गरिने उद्धारका साथसाथै खोंचमा पसेका व्यक्तिको उद्धार र्‍याप्लिङ क्लाइम्बिङ, प्राथमिक उपचारलगायत तालिममा सिकेका विषयहरूसँग सम्बन्धित कृत्रिम अभ्यासहरूको प्रदर्शन गरेका थिए । समापन समारोहमा सशस्त्र प्रहरी बल, नेपालमा उपलब्ध विपद् व्यवस्थापनसँग सम्बन्धित उद्धार सामग्रीको प्रदर्शनीसमेत गरिएको थियो ।

११ साता अवधिको सो तालिममा ४८ जना सशस्त्र प्रहरी कर्मचारी सहभागी भएको र प्रशिक्षार्थीहरूलाई प्राथमिक उपचार, भत्किएका संरचनामा खोज तथा उद्धार, शव व्यवस्थापन, फायर फाइटिङ, रोप रेस्क्यु, हवाई तथा सडक दुर्घटना, लजिस्टिक म्यानेजमेन्ट, जलोत्पन्न प्रकोप उद्धार, विपद्पछिको उद्धार, राहत र पुनःस्थापनलगायतका विषयहरूमा प्रशिक्षण गराइएको शिक्षालयले जनाएको छ ।

समापन कार्यक्रममा तालिममा उत्कृष्ट हुने सशस्त्र प्रहरी नायब उपरीक्षक शीतल श्रेष्ठ पुरस्कृत भएका थिए भने सफल प्रशिक्षार्थीहरूलाई विपद् उद्धारको कुम चिह्नद्वारा सुशोभन गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि सशस्त्र प्रहरी नायब महानिरीक्षक धौवजीले प्रशिक्षार्थीहरूलाई बधाई दिँदै सशस्त्र प्रहरी बल, नेपालले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै कार्य सम्पादन गर्दै आएको र प्रकोप र उद्धार भन्नेबित्तिकै सशस्त्र प्रहरी बल, नेपालको नाम जनमानसमा बस्दै गएको बताए । उनले तालिममा दीक्षित प्रशिक्षार्थीहरूलाई विपद्को समयमा उत्कृष्ट ढंगले कार्य सम्पादन गर्न निर्देशन दिए ।

कञ्चनरूप नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ताले स्थानीय निकायहरूसँग विपद् व्यवस्थापनसम्बन्धी जनचेतना जगाउने, उद्धार तथा पुनःस्थापनाको कार्यमा सशस्त्र प्रहरी बलले उत्कृष्ट ढंगले समन्वय गर्दै आएको बताए ।

हनुमाननगर नगरपालिका प्रमुख वीरेन्द्र माझीले विपद् व्यवस्थापनको क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपालले गर्दै आएको कार्यहरूको प्रशंसा गरे । तालिम शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक नेत्रबहादुर कार्कीले शिक्षालयमा पहिलोपटक सञ्चालन भएको विपद् व्यवस्थापन तालिमबाट विपद् व्यवस्थापनसँग सम्बन्धित विशिष्ट दक्षता प्राप्त गरेका जनशक्ति तयार गरिएको र भविष्यमा उनीहरूबाट उत्कृष्ट सेवा प्रवाह हुने बताए ।

# धनगढीमा केआई सिंह र द्वारिकादेवीको सालिक बनाइने

**राजधानी संवाददाता**
धनगढी, ६ माघ

सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा द्वारिकादेवी ठकुरानी र केआई सिंहको सालिक निर्माण गरिने भएको छ । धनगढी उपमहानगरपालिकाले सालिक बनाउने भएको हो ।

सुदूरपश्चिममा श्रीवृद्धि गर्न योगदान पुर्‍याएको भन्दै द्वारिकादेवी ठकुरानी र डाक्टर कुँवर इन्द्रजित (केआई) सिंहको सालिक बनाउने नगर प्रमुख गोपाल हमालले बताए । उनले भने, 'सुदूरपश्चिमको श्रीवृद्धि गर्नेहरूको सालिक निर्माण गर्दैछौं । पहिलो चरणमा एसियाकी पहिलो महिला मन्त्री द्वारिकादेवी ठकुरानी र केआई सिंहको सालिक निर्माण गर्नेछौं । चोकको नामकरण पनि गर्नेछौं ।'

सुदूरपश्चिममा जन्मिएर देशको विशिष्ट श्रेणीमा पुगेकाहरूको उपमहानगरपालिकाले सालिक निर्माण गर्ने भएको हो ।

पहिलो चरणमा द्वारिकादेवी ठकुरानी र केआई सिंहको सालिक निर्माण गरिनेछ । सिंह १९६३ सालमा डोटीमा जन्मेका हुन् । उनी बर्माबाट आयुर्वेदसम्बन्धी अध्ययन गरेका थिए ।

चिकित्सक वा विद्यावारिधि नगरेको भए पनि औषधिमूलो गर्ने भएकाले उनको नाम डा. केआई सिंह लेख्न थालिएको हो । २९ कात्तिक २००७ मा सिंहले बडाहाकिम कार्यालयमाथि पहिलोपटक आक्रमण गरेका थिए । सिंहको फौजले गोस्वारा (बडाहाकिम कार्यालय) बाहेक भैरहवाका अरू सबै कार्यालयमाथि चार घण्टामा नियन्त्रण जमाएको थियो । पछि सरकारी सेना फिर्ता भएको थियो ।

२००७ सालको क्रान्तिमा पश्चिम तराईबाट सक्रिय सिंहले दिल्ली सम्झौता धोका भन्दै विरोध गरेका थिए । सोही कारणले उनी पक्राउ परेका थिए । उनलाई सिंहदरबारभित्र रहेको बिजुली गारतको नियन्त्रणमा कैद गरिएको थियो । प्रजातान्त्रिक सरकारमा पनि मोहनशमशेर नै प्रधानमन्त्री हुने भएपछि असन्तुष्ट बनेका कमान्डर केआई सिंह नै सिंहदरबार विद्रोहमा जोडिएका हुन् ।


## कतारमा रोजगारी
कम्पनी: TRADING AND AGENCY SERVICES LIMITED COMPANY

Pre Approval Date: 2025/01/16 | Chalani No. 60231413 | LOT No. 317094 | City: B-rin

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 171 | 0 | 1000 | ३७,९८०/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/१०/१४ (27 Jan. 2025) म्यानपावरको कार्यालय, सिनामंगलमा हुनेछ ।

२०८१/१०/०५ गते शनिबार प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणबस प्रकाशित नभएकाले मिति २०८१/१०/०७ गते प्रकाशित गरिएको छ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादीजीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

यस प्रा.लि.को Demand तथा अन्य जानकारी SMS मार्फत लिनको लागि तलको जानकारी पढ्नुहोस्
To receive contact details of raj overseas: type Raj or Rajinfo. DUBAI DEMAND-Type Rajuae, QATAR DEMAND-Rajqatar, MALAYSIA DEMAND-Type Rajmalaysia, SAUDI DEMAND-type rajksa, BAHARAIN DEMAND-Type Rajbaharain & send it to 4555 or 4455

द्रष्टब्य : - कुनै उम्मेदवार छनौट भई भिसा प्राप्त गरिसकेपछि रोजगारीमा जान नचाहेमा निजले भिसा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

**Raj Overseas Pvt. Ltd**
P.O.Box: 9112 | Sinamangal Tower-5th Floor, Sinamangal, Kathmandu, Nepal
Tel: +977 (1) 5912133, 5912132, 5912131,
Fax: 977 (1) 4106813, E-mail: info@rajoverseas.com | Web: www.rajoverseas.com
Member of RajGroup
Govt. Lic. No.: 91/053/054

## साउदी अरेबीयामा रोजगारी
कम्पनी: TEA HOUSE SPECIALIZED CATERING

Pre Approval Date: 2025/01/19 | Chalani No. 60231512 | LOT No. 317308 | City: Riyadh

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Cleaner/Helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९११/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता ७(सात) दिन पछि हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | रु. १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**SAHARA INTERNATIONAL PVT. LTD.**
Kathmandu, Nepal, P.O. Box: 8975 EPC 2123, Tel: +977-1-5913623, 5913624,
Fax: +977-1-5913624, E-mail: sahara_int121@hotmail.com, Web: www.saharamanpower.com
Govt. Lic. No : 121/055/56

## यु.ए.ई.मा रोजगारीको अबसर
कम्पनी: AQC DECORATION DESIGN & IMPLEMENTATION

Pre Approval Date: 2025/01/19 | Chalani No. 60231508 | LOT No. 317249 | City: Jabal Ali Indu

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER GENERAL | 10 | 0 | 1000 | ३७,७०४/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

कम्पनी: MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C

Pre Approval Date: 2025/01/19 | Chalani No. 60231509 | LOT No. 317251 | City: Al-kharafi Prope

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 200 | 0 | 900 | ३३,९३३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/१०/१४ (27 Jan. 2025) यस म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादीजीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | १०००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Trans Asia Integrate Services
Govt. Licence No. 1598/079/080
**TRANS ASIA INTEGRATE SERVICES PVT. LTD.**
Shiva Mandir, Tokha-09, Kathmandu, Phone: +977-1-01 5906923, 4985095
Mobile : 9768404680, 9863190516, 9822793151, 9805854406, Email: transasia1998@gmail.com

## SAUDI ARABIA मा रोजगारीको अबसर
COMPANY: ZEPPLINE COMPANY LIMITED

Pre Approval Date: 2025/01/17 | Chalani No.60231502 | LOT No. 317157 | City: Abu Bakr Al Siddiq Street, As

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD UNLOAD LABOR | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९११/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/१०/१४ (27 Jan. 2025) म्यानपावरको कार्यालय चण्डोलमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादीजीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

WORLD NET Recruitment Consultants
License No.: 174/056/057
**World Net Recruitment Consultants (P) Ltd.**
P.O. Box: 10666, Chandol-04, Kathmandu, Nepal, Tel: +977-1-4537410, 4529930
E-mail: worldnetrecruitment@gmail.com, web: www.worldnetrecruitment.com

## यु.ए.ई.मा रोजगारीको अवसर
कम्पनी: PROFILE RECRUITMENT-SOLE PROPRIETORSHIP L.L.C, UAE

पुर्व स्वीकृति मिति: 2024/10/24 | चलानी नं. 60227141 | लट नं. 312708 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 131 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,१६३/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता म्यानपावरको कार्यालय, काठमाडौंमा मिति २०८१/१०/१४ (27 Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Blue Bird Overseas Pvt. Ltd.**
Kalopul-30, Kathmandu, Nepal | Phone No.: +977-01-4536802, 4538634, 4538935,
Mobile No.: +977-9802050571, E-mail: info@bluebirdoverseas.com, Web: www.bluebirdoverseas.com
Gov. Lic No.: 308/059/060

## SAUDI ARABIA मा रोजगारी
कम्पनी: SHAHEED MOHAMMED ABDULLAH AL DAWOOD MAINTENANCE AND FINISHING ESTABLISHMENT

Pre Approval Date: 2025/01/19 | Chalani No. 60231523 | LOT No. 317298 | City: Saudi Arabia, Dammam

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING ELECTRICIAN | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,३६६/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/१०/१४ (27 Jan. 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादीजीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | १०००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**HERALD INTERNATIONAL PVT. LTD.** | BANESHWOR, KATHMANDU, NEPAL
TEL: +977-1-977-1-4575339/ 4568697
E-mail: herald_international@yahoo.com / Web: www.heraldnepal.com | PO Box: 161
Gov. Lic. No.: 513/061/062

## Saudi Arabia मा रोजगारी
कम्पनी: AL-AZIZIYAH CENTER MEN'S HAIRDRESSING SALON

Pre Approval Date: 2025/01/19 | Chalani No. 60231533 | LOT No. 317304 | City: Al Khobar Riyadh

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbers | 2 | 0 | 1200 | ४४,२९३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता मिति २०८१/१०/१५ (27 Jan. 2025) अक्सफोर्ड इन्टरनेशनल प्रा लि. ललितपुरमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादीजीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | १०००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं.: ९१०/०६७/६८
ललितपुर (कुसुन्ती हाइट, एकान्तकुना) फोन : ५४५५५३१, ५४५५६८३, ५४५५९८३, फ्याक्स : ०१ ५४५५७९४
मोबाईल नं.: ९८०२०८१७७७, ९८५१०५३७३७, ९८०२०७५२२२, ९८०२०७६२२२, ९८५१०३४९०१

## UAE मा रोजगारीको अबसर
COMPANY: TAJ AL BARAKAH CONCRETE CARPENTER CONT

Pre Approval Date: 2025/01/17 | Chalani No.60231518 | LOT No. 317256 | City: UAE, Sharjah

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,२४४/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | MASON/TILE WORKER | 4 | 0 | | 1200 | ४५,२४४/- | | | | | | | |

COMPANY: RUKN AL SADAF PLASTER CONT

Pre Approval Date: 2025/01/17 | Chalani No.60231517 | LOT No. 317255 | City: UAE, Sharjah

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,२४४/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | MASON/TILE WORKER | 10 | 0 | | 1200 | ४५,२४४/- | | | | | | | |

अन्तरवार्ता मिति २०८१/१०/१४ (27 Jan. 2025) म्यानपावरको कार्यालय बसुन्धरामा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादीजीवन बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टुयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफू कामगर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफूजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफूसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CREATIVE PLACEMENT SERVICES PVT. LTD.**
Govt. Licence No. 289/058/59
P.O. Box: 21498, Basundhara-3, Kathmandu, Nepal, Tel: +977-1-01-5903365 , 01-5903396, Fax No: 5903430
E-mail: creativeplacement2002@gmail.com, info@creativenepal.org, Website: www.creativenepal.org


## Baglung Municipality
### Office of municipal executive
Baglung

### Re-Invitation for Sealed Quotation

Date of Publication: 2081/10/07 (01/20/2025)

1. **Baglung Municipality, Baglung** invites Hard copy sealed quotations from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and location of work | Bid Validity Period / Bid security period | Bid Security Amount (NRs.) | Bid Fee Amount (NRs.) | Estimated Amount EXL. VAT and P.S (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | BAGMUN/BAG/SQ/ Goods/081/82-06 | Dog Hostel Construction works Ba.Na.Pa.-03 Baglung | 45/75 days | 50,000.00 | 1,000/- | **1768033.60** |

2. Purchase, Submission and Opening:

| Purchase Deadline | | Submission Deadline | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2081/10/22 (2025/03/02) | Office Hour | 2081/10/22 (2025/04/02) | 12:00 Noon | 2081/10/22 (2025/04/02) | 01:00 Pm | Please refer to the complete set of bidding documents through Office of the Baglung Municipality. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact **Baglung Municipality, Baglung.** |

**For. Chief Administrative Officer**

# गाजा युद्धविराम : स्थायी शान्ति प्रयासमा एक खुड्किलो



सोमनाथ लामिछाने/रासस
काठमाडौं, ६ माघ

७ अक्टोबर २०२३ अर्थात् २० असोज २०८० मा इजरायलले एक अकल्पनीय घटनाको सामना गर्नुपरेको थियो। गाजा क्षेत्रबाट एकाएक प्रवेश गरेका हमासका केही हजार लडाकुले बलियो इजरायली सुरक्षा तैनाथीलाई छक्याएर इजरायलको दक्षिणका किब्बुज र आसपासमा भीषण हमला गरेका थिए। यस हमलाबाट किब्बुज आलुमिम फार्ममा कार्यरत १० जना नेपाली विद्यार्थीसहित करिब १ हजार २ सय जनाको ज्यान गएको थियो। इजरायल र हमासबीच सन् २००८ यता यो पाँचौं भीषण युद्ध हो।

सन् १९४८ मा इजरायल स्थापना भएयता इजरायलमाथि यति ठूलो हमला कहिल्यै भएको थिएन। हमासका लडाकुले किब्बुजका घरघरमा प्रवेश गरेर बूढाबूढी, केटाकेटी, युवा जोकोहीलाई निर्ममतापूर्वक हत्या गरेका थिए भने घरबस्तीलाई खण्डहरमा परिणत गरिदिएका थिए।

यति मात्र होइन, उनीहरूले २ सय ५१ जना बालबालिका, वृद्ध र युवालाई अपहरण गरेर गाजा लगेका थिए। गाजामा नाकाबन्दी गरेको, अल-अक्सा मस्जिदमा कारबाही गरेको, गाजा र पश्चिम किनारामा जबर्जस्ती बस्ती विस्तार गरेको बदलामा इजरायलमाथि आक्रमण गर्नुपरेको हमासले बताउँदै आएको छ।

यस घटनाबाट आहत भएको इजरायलले हमासविरुद्ध २७ अक्टोबरदेखि भीषण स्थल सैन्य र हवाई कारबाही थालेको थियो। हमासलाई समूल नष्ट गर्ने र बन्धकहरूलाई मुक्त गर्ने अभियानमा लागेको इजरायललाई संयुक्त राज्य अमेरिकासहित पश्चिमा देशहरूले आर्थिक, सैनिक, राजनीतिकसमेत सबै किसिमका सहायता र आडभरोसा दिएका थिए। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको सरकारले हमासविरुद्ध थालेको सैन्य कारबाहीले हमासले गरेको आक्रमणलाई पनि बिर्साइदिएको छ।

अन्तर्राष्ट्रिय मेडिकल जर्नल ल्यान्सेटका अनुसार, इजरायली बमबारीबाट गाजापट्टीमा मात्र ७० हजारभन्दा बढी प्यालेस्टिनीको मृत्यु भइसकेको छ। यद्यपि, यो संख्याका बारेमा फरकफरक विवरण आइरहेका छन्। हमास नेतृत्वको स्वास्थ्य मन्त्रालयले इजरायली हमलाबाट ४६ हजार ८ सय ९९ जना प्यालेस्टिनीको ज्यान गएको बताएको छ। र, मारिएकामध्ये आधाभन्दा बढी महिला र बालबालिका छन्।

लाखभन्दा बढी प्यालेस्टिनी अंगभंग भएका छन्। मानवीय संकटको चरम स्थितिमा पुगे पनि इजरायली आक्रमण निरन्तर जारी रहेको थियो। गाजाका करिब २३ लाख सर्वसाधारण आफ्ना घर छाडेर टेन्टमा कष्टकर जीवन जिउन बाध्य छन्। उनीहरूका ९० प्रतिशत घर इजरायली बमबारीबाट क्षतिग्रस्त भएको सञ्चारमाध्यमहरूले बताएका छन्। युद्धको यस विभीषिकाबाट बच्ने कुनै आशा छाडेका उनीहरूले अन्तर्राष्ट्रिय समुदायसमक्ष अनेक हारगुहार गरिरहे।

गाजाका अधिकांश घर भग्नावशेषमा परिणत भएका छन्, सडकहरू ट्यांक र बमबारीबाट क्षतिविक्षत छन्, विद्यालय र अस्पताल कुनै बाँकी छैनन्। एक किसिमले गाजामा जातीय सफाया गर्न चाहेको आरोप इजरायलले खेपेको छ र अन्तर्राष्ट्रिय न्यायालयले इजरायली प्रधानमन्त्री र हमास नेतृत्वमाथि युद्ध अपराधको मुद्दा चलाएको छ। इजरायलले हमासका नेताहरूलाई पनि गाजा र अन्यत्र छानीछानी हत्या गरिदिएको छ। यसक्रममा १६ अक्टोबर २०२४ मा हमासका नेता याया सिनवार इजरायली स्थल सेनाको कारबाहीमा मारिएका थिए भने अर्का वरिष्ठ नेता इस्माइल हनियाको इरान भ्रमणका क्रममा हत्या भएको थियो।

### लेबनान र इरानमाथि आक्रमण

गाजामा सक्रिय हमास समूहलाई समर्थन गरेको आरोप लगाउँदै इजरायलले २३ सेप्टेम्बर २०२४ देखि लेबनानको दक्षिणी र राजधानी बेरुतका कतिपय क्षेत्रमा सक्रिय इरान समर्थित हिजबुल्लाह लक्षित स्थल र हवाई आक्रमण गरेको थियो। यसक्रममा ८ सयभन्दा बढी सर्वसाधारणका साथै ठूलो संख्यामा हिजबुल्लाह समूहका सदस्यहरू मारिए। हिजबुल्लाहका नेता हसन नसरल्ला, इब्राहिम अकिलसमेत गरी यस समूहका कयौं वरिष्ठ सदस्यहरूको पनि ज्यान गएको थियो।

झन्डै तीन महिनाको सैनिक कारबाहीपछि हिजबुल्लाह र इजरायली सरकारबीच २७ नोभेम्बरमा युद्धविराम भएको थियो। यसक्रममा हिजबुल्लाहले पनि इजरायली सहरहरूमा ड्रोन र क्षेप्यास्त्र प्रहार गरेर इजरायलमाथि दबाब सिर्जना गरेका थिए। तथापि, इजरायलको सैन्य सामर्थ्य अघिल्तिर हिजबुल्लाह टिक्न सकेको थिएन।

उता, मध्यपूर्वमै युद्ध भड्किने आशंका निम्त्याउनेगरी इरानले इजरायलमाथि १ अक्टोबर २०२४ मा सयभन्दा बढी क्षेप्यास्त्र प्रहार गरेकामा संयुक्त राज्य अमेरिकाको दबाबपछि इजरायलले तत्कालै प्रत्याक्रमण रोकेको थियो। तर, इजरायल चुप लागेर बस्ने अवस्थामा थिएन र उसले पनि इरानमा २६ अक्टोबरमा हवाई आक्रमण गरेर इरानभित्र क्षति गरेको दाबी गरेको थियो।

### शान्तितर्फको एउटा अवसर

२४ नोभेम्बर २०२३ मा कतारको मध्यस्थतामा पहिलो युद्धविराम भएको थियो। यस युद्धविरामलाई स्थायी बनाउने प्रयत्न हुँदाहुँदै ३० नोभेम्बरमा अर्थात् ६ दिनमा भंग भएको थियो। यस अवधिमा हमास समूहले आफ्नो नियन्त्रणमा रहेका झन्डै १ सय ५० जना बन्धकलाई मुक्त गरेको थियो। तर, यस युद्धविरामलाई दिगो बनाउने प्रयास सफल भएन र सम्पूर्ण बन्धकलाई मुक्त नगर्दासम्म युद्धविराम नगर्ने र आक्रमण जारी राख्ने इजरायलले घोषणा गरेको थियो।

इजरायलले गाजावासीमाथि शक्तिको चरम दुरुपयोग गरेको भन्दै संयुक्त राज्य अमेरिकासमेत अन्तर्राष्ट्रिय समुदायले इजरायलमाथि दबाब सिर्जना गरे पनि इजरायली प्रधानमन्त्री टसमस भएनन्। तर, अमेरिकामा राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि मात्र इजरायलले आफ्नो नीतिमा परिवर्तन गरी युद्धविराममा सहमति जनाउन केही नरम भएको थियो। पछिल्लो युद्धविराम गराउन पनि बाइडेन प्रशासनका अलावा ट्रम्पका वार्ताकारहरू कतारमा भेला भएका थिए।

तीन चरणमा कार्यान्वयनमा ल्याइने यो युद्धविराम प्रस्तावलाई इजरायली मन्त्रिपरिषद्‌ले स्वीकृत गरेको छ। युद्धविराम सम्झौता इजरायली समयानुसार आइतबार बिहान ८:३० बजेदेखि सुरु भएको छ।

युद्धविराममा प्रमुख मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको कतारले एक विज्ञप्ति जारी गर्दै गाजापट्टीमा १९ जनवरी २०२५ को बिहान ८:३० बजे (नेपाली समयानुसार दिउँसो १२:१५ बजे) देखि युद्धविराम सम्झौता लागू हुने भएकाले युद्धरत सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ। युद्धविरामको गाजावासी र बन्धक बनाइएका परिवारले स्वागत गरिसकेका छन्।

हाल सार्वजनिक भएको प्रस्तावअनुसार, हमासले ६ साताभित्र आफ्नो नियन्त्रणमा रहेका ३३ जना बन्धकलाई मुक्त गर्नेछ, जसमा महिला, बालबालिका र वृद्धवृद्धा रहनेछन् भने यसको बदलामा इजरायलले पनि इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीबन्दी रिहा गर्दै छ। बीबीसीका अनुसार, इजरायलले गाजाक्षेत्रको मुख्य भूभागबाट आफ्ना सेनालाई फिर्ता ल्याउन सुरु गर्नेछ। विस्थापित गाजावासीलाई आफ्ना घर फर्कन दिइनेछ। गाजाका लागि अत्यावश्यकीय सामान बोकेका ट्रकलाई सुरक्षा जाँचपछि प्रवेश गर्न दिइनेछ।

इजिप्ट-गाजा सीमामा खाद्यान्न र अन्य अत्यावश्यक सामग्री बोकेका सयौं ट्रक गाजा प्रवेशको पर्खाइमा लामबद्ध छन्। राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लूएफपी)ले गाजामा खाद्यान्न बोकेका ट्रकलाई निर्बाध र सहज प्रवेश दिन द्वन्द्वरत पक्षहरूसमक्ष आह्वान गरेको छ। गाजाका २३ लाख बासिन्दा खाद्यान्नको चरम अभावमा बाँचिरहेका छन्। उनीहरूलाई जतिसक्दो चाँडो खाद्यान्न दिएर बचाउनु जरुरी छ।

युद्धविरामको दोस्रो चरणमा बाँकी बन्धकलाई मुक्त गरिनेछ भने गाजाबाट सबै इजरायली सैनिक फिर्ता हुनेछन्। तेस्रो चरणमा भने हमासले बन्धक बनाएकालाई इजरायल फिर्ता गरिनेछ भने गाजाको पुनर्निर्माण अभियान सुरु हुनेछ।

एक अनुमानअनुसार, हमास समूहलाई समेत सबै बन्धकको स्थितिका बारेमा जानकारी छैन। नेपाली विद्यार्थी विपीन जोशी हमासको अपहरणमा परेका भए पनि अझै उनका बारेमा हमासले केही खुलाएको छैन। यद्यपि, युद्धविरामको सर्तमै बन्धक बनाइएकाहरू सबैलाई मुक्त गर्ने भनिएकाले यसपटक विपीन सकुशल रिहा हुने अनुमान गर्न सकिन्छ।

पछिल्लो युद्धविरामलाई दिगो बनाउन र गाजामा मानवीय सहायताका साथै पुनर्निर्माणका लागि के गर्ने भन्ने प्रस्ट भइसकेको छैन। गाजाको प्रशासन अब कसले सञ्चालन गर्नेछ? हमास वा अरू कुनै निकायले? यो प्रश्न अनुत्तरित छ र यसमा इजरायल वा अमेरिकी प्रशासनले केही बताएका छैनन्। अतिशय दुःख बेहोर्न बाध्य गाजाका पीडित बासिन्दा पटकपटकका यस्ता युद्ध सधैंका लागि अन्त्य भएको हेर्न चाहन्छन् तर यसको दिगो समाधान दुई-राज्य नै हो भन्नेमा बिमति छैन।

## तीन बन्धकको नाम सार्वजनिक

प्यालेस्टिनी इस्लामी समूह (हमास) को सशस्त्र शाखाले युद्धविराम सम्झौताअन्तर्गत रिहा हुने पहिलो तीन महिला बन्धकको नाम सार्वजनिक गरेको छ। यससँगै सम्झौताको मध्यस्थकर्ता अमेरिका, कतार र इजिप्टले युद्धविराम सम्झौता कार्यान्वयन सुरु भएको पुष्टि गरेका छन्।

स्थानीय समयानुसार आइतबार बिहान ८:३० बजे सुरु हुने भनिएको युद्धविराम तोकिएको समयभन्दा २ घण्टा ४५ मिनेट ढिलो अर्थात् इजरायली समयानुसार ११:१५ बजेदेखि सुरु भएको इजरायलले पुष्टि गरेको छ।

'सम्झौताको एक भागका रूपमा, इज्जेदिन अल-कासम ब्रिगेडले इजरायली कैदीहरू डोरोन स्टेनब्रेकर, एमिली डामारी र रोमी गोनेनलाई रिहा गर्ने निर्णय गरेको छ,' बन्धक महिलाहरूको नाम सार्वजनिक गर्दै समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

त्यसमा एक जना ३१ वर्षीया भेटनरी नर्स, सुपरनोभा फेस्टिभलका क्रममा बन्धक बनाइएकी २४ वर्षीया युवती र ब्रिटिस इजरायली दोहोरो नागरिकता रहेकी २८ वर्षीया युवती रहेको जनाइएको छ।

यसअघि, इजरायलले स्थानीय समयानुसार ८:३० मा सुरु हुने भनिएको युद्धविराम रिहा हुनेहरूको सूची इजरायलले प्राप्त नगरेसम्म सुरु नहुने बताउँदै गाजाका विभिन्न भागमा चेतावनीस्वरूप कारबाही जारी गरेको थियो। यसैबीच, हमास नेतृत्वको 'सिभिल डिफेन्स एजेन्सी'ले आइतबार बिहानबाट युद्धविराम सुरु हुने भनिएको समययता इजरायली हवाई आक्रमणमा १० जना मारिएको बताएका छन्।

सो निकायका प्रवक्ता मोहमद बासालका अनुसार ६ जना गाजामा मारिएका थिए भने तीन जना उत्तरमा र एक जना रफाहमा मारिनुका साथै विभिन्न स्थनमा गरी थप २५ जना घाइते भएका छन्। यसअघि, इजरायली सेनाले प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको निर्देशन भन्दै युद्धविराम सुरु नभएसम्म गाजामा सैन्य कारबाही जारी राख्ने बताएको थियो।

# बागमती सफाइमा जुट्न थाले महानगरका जनप्रतिनिधि

राजधानी समाचारदाता
काठमाडौं, ६ माघ

काठमाडौं महानगरपालिकाका जनप्रतिनिधि आफ्नो क्षेत्रको बागमती सफाइमा जुट्न थालेका छन्। महानगरपालिका-९ का वडाध्यक्ष रामजी भण्डारीको नेतृत्वमा तिलगंगा निलो पुलमा जनप्रतिनिधि बागमती सफाइमा केन्द्रित भएका थिए।

बागमती सफाइ महाअभियानको ६१०औं सातामा वडा सदस्य टेकराज अधिकारी, रचना सुनाम, सृजना भेटवाल, कामनपा-११ का अध्यक्ष हिरालाल तन्डुकारलगायत जनप्रतिनिधिको सक्रियतामा सफाइ गरिएको थियो।

स्थानीय, अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारी, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, कामनपा वातावरण विभाग टेकु, बागमती सफाइ महाअभियान प्रमुख अभियानकर्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौड्यालसहित बागमती सफाइ अभियानकर्मी पनि सफाइमा सक्रिय भएको अभियानकर्मी किशोसिंह शाहीले जानकारी दिए। सो क्षेत्रको बागमती किनारबाट ३ मेट्रिक टन नकुहिने फोहोर व्यवस्थापन गरिएको छ।

## पृष्ठ १ बाट क्रमशः

### सार्वजनिक सेवा...

यसअघि २४ जेठ २०८१ को मन्त्रिपरिषद् बैठकले पहिलो चरणमा २८ जिल्लामा १ साउनबाट लागू हुनेगरी सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको थियो।

यसलाई विस्तार गर्दै दोस्रो चरणमा १ माघ २०८१ बाट थप ३८ जिल्लामा अनिवार्य गर्ने तयारी थियो। १ साउन २०८२ पछि भने देशैभरि ७७ वटै जिल्लामा सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य हुने निर्णय गरिएको थियो। अधिवक्ता रामबहादुर रावललगायतले राष्ट्रिय परिचयपत्र जारी गर्न सरकारले ढिलाइ गरिरहेको र त्यसलाई अनिवार्य गर्दा कयौं ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट वञ्चित भएको भन्दै रिट दायर गरेका थिए। १० असारको मन्त्रिपरिषद्को निर्णयबाट राजपत्रमा 'नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सुविधा प्राप्त गर्ने' भन्ने सूचना प्रकाशित गरिएको थियो। ७ भदौमा सर्वोच्चका न्यायाधीशद्वय मनोजकुमार शर्मा र तीलप्रसाद श्रेष्ठको इजलासले नागरिकता भएको खण्डमा राष्ट्रिय परिचयपत्र लागू नगर्नू-नगराउनू भनेको थियो। अदालतले सामाजिक सुरक्षा र सार्वजनिक सेवाका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्न आदेश दिएको थियो।

सर्वोच्चले अन्तरिम आदेश जारी गरेपछि सरकारले भ्याकेट निवेदन दिएको थियो। सरकारले राष्ट्रिय परिचयपत्र नहुँदा सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्न असर परेको तर्क भ्याकेट निवेदनमा उल्लेख गरेको थियो।

राष्ट्रिय परिचयपत्र नहुँदा आतंकवादी गतिविधि नियन्त्रण गर्न र गैरकानुनी गतिविधिबाट आर्जन गरेको सम्पत्तिको छानबिन गर्नसमेत बाधा पुगेको दाबी पेस गरेको थियो।

सरकारले दिएको भ्याकेट निवेदनमा एकीकृत तथ्यांक संकलनमा सर्वोच्च अदालतको अन्तरिम आदेशले बाधा परेको दाबी गरेको थियो। सरकारले सबै सेवा चुस्त र दुरुस्त राख्न एकीकृत तथ्यांक निर्माण गरिरहेको र यसका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य रूपमा लागू गरेकाले रोक्न नमिल्ने तर्क गरेको थियो। त्यस्तै, पेन्सन र सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या र अन्योल भएको दाबी पेस गरेको छ।

यसअघि सर्वोच्चले नागरिकता भएका व्यक्तिलाई अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र नै आवश्यक हुने व्यवस्था कार्यान्वयन नगर्नू भनेको थियो। यसरी नागरिकता वा अन्य परिचयपत्रका आधारमा वितरण गर्दा सरकारको काम दोहोरो हुनुका साथै दोहोरो वितरण पनि हुने जोखिम भएको तर्क अदालतमा सरकारले गरेको थियो।

### अन्ततः वामदेव...

एकता अभियानका महासचिव डीबी कार्कीले तत्काल एससँग एकता गर्ने विषयमा कुनै निर्णय नभएको बताएका थिए। 'एकीकृत समाजवादीसँगको एकता प्रक्रियाबारे गम्भीर छलफल भयो, हामी वाम एकताको पक्षमा छौं,' कार्कीले भनेका थिए, 'त्यसैले नयाँ शिराबाट वामपन्थी एकताको बहस अघि बढाउन कमरेड वामदेव गौतमको नेतृत्वमा ५ सदस्यीय वार्ता समिति बनाएर बैठक सकियो।'

एकीकृत समाजवादीसँग पार्टी एकता गर्न अन्तिम चरणमा पुगेर गौतम पुनः एमालेमै फर्किने रणनीतिका साथ अगाडि बढे। एमाले, एकीकृत समाजवादी, माओवादी केन्द्रसहितका वामपन्थी दलहरूसँग पार्टी एकताका लागि छलफल गर्ने निर्णय अभियानले गरेपछि गौतम एमालेसँग छलफलमा जुटेका थिए।

एकीकृत समाजवादी गौतमलाई तेस्रो वरीयताको वरिष्ठ नेता बनाउन तयार थियो। तर, गौतम भने संगठन विभाग नपाएको र जनताको बहुदलीय जनवाद (जबज)को मार्गदर्शनमा समाजवादी कार्यदिशा बनाउनुपर्ने आफ्नो माग नसुनिएको भन्दै तत्काल एकता नगर्ने निष्कर्षमा पुगेका हुन्।

'उहाँ (गौतम)लाई तेस्रो वरीयताको वरिष्ठ नेता दिने र अरू नेताहरूको पनि व्यवस्थापनको विषयमा लगभग टुंगो भइसकेको थियो, त्यहीबीचमा गौतमले संगठन विभाग प्रमुख पनि खोज्नुभयो, यहाँ मिलाउनलाई त महासचिवलाई नदिई अरूलाई नै संगठन विभाग दिनुपरेको छ,' एकीकृत समाजवादीका एक पदाधिकारीले भने।

एमालेको २१ देखि २३ पुसमा सम्पन्न केन्द्रीय कमिटी बैठकले पार्टी विभाजनलगायत कारणले पार्टीबाहिर रहेका नेता कार्यकर्तालाई पार्टीमा फर्किन आह्वान गरेपछि त्यसैको निहुँ बनाएर गौतम तत्काल एकीकृत समाजवादीमा प्रवेश नगर्ने निष्कर्षमा पुगेका थिए।

एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर गठन भएको तत्कालीन नेकपा विभाजन भएपछि गौतम कुनै दलमा नलागी स्वतन्त्र बसेका थिए। पछि उनले अभियान गठन गरी पुनः नेकपा ब्युँताउन खोजेका थिए। तर, त्यो प्रयास असफल भएपछि उनले कहिले एमाले त कहिले एकीकृत समाजवादी प्रवेश गर्ने चाहना व्यक्त गर्दै आएका थिए।

### ८ खर्ब...

त्यस्तै, राजस्व बाँडफाँटतर्फ ५१ अर्ब ७४ करोड हस्तान्तरण भएको छ। वार्षिक विनियोजन भने १ खर्ब ५९ अर्ब रुपैयाँबराबर थियो। यो ३२ दशमलव ५ प्रतिशत हस्तान्तरण हो।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडलले अर्थतन्त्र सुधार हुँदै गएको बताएका छन्। सरकारले अध्यादेशमार्फत विभिन्न ऐनमा गरेको संशोधनले निजी क्षेत्र उत्साहित भएको र यसले अर्थतन्त्रलाई चलायमान बनाउने अर्थमन्त्री पौडेलको भनाइ छ। उनले विगतमा प्रतिकूल देखिएका सूचक अहिले सकारात्मक बन्दै जान थालेको बताए। अर्थमन्त्री पौडेलले अहिले पुँजीगत खर्चमा गुणात्मक सुधार आवश्यक रहेको र बजेट क्यालेन्डर सुधार गरिएको पनि जानकारी दिए।

Government of Bagamati Province
Ministry of Social Development
**Province Council for Technical and Vocational Education and Training (PCTVET)**
Hetauda, Makawanpur

**REQUEST FOR EXPRESSION OF INTEREST (EOI)**

**EOI No.: PCTVET/VST-CS-01/2081/82**
**(Date of First Publication: 20th January 2025)**

In Fiscal Year 2081/82, the Province Technical and Vocational Education and Training Council (PCTVET) has allocated funds under budget head **22512** (activity number **2.6.4.181**) to conduct the **Consultancy for the Implementation of Vocational Skills Training Programs in Bagamati Province**, aiming to train **2,740 youth**.

1. PCTVET Bagmati, now invites Expression of Interest (EOI) from eligible consulting firms / training providers ("consultants") to provide consulting services for Short-Term Vocational Skill Training for Youths in Bagamati Province.
2. Interested eligible consultants may obtain further information and the EOI document free of cost at the address given below during office hours before **03 Feb 2025, 12:00** or may visit the e-GP system at www.bolpatra.gov.np/egp.
3. Consultants may associate with other consultants to enhance their qualifications.
4. Expressions of interest shall be delivered online through the e-GP system www.bolpatra.gov.np/egp **before 03 Feb 2025, 12:00**.
5. In case the last date for obtaining and submitting the EOI documents falls on a public holiday, the next working day shall be considered the due date; however, the submission time on that day shall remain the same as stipulated.
6. The EOI will be assessed based on **Qualification (30%), Experience (60%)**, and **Capacity (10%)** of the consulting firm and key personnel. Based on the evaluation, only shortlisted firms will be invited to submit Technical and Financial Proposals through a Request for Proposal (RFP).
7. The minimum score to pass the EOI is **60**.

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
जनकपुरधाम, धनुषा, नेपाल।

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८१।१०।०७**

यस केन्द्रको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये तपसिल वमोजिमका बोलपत्र सारभूतरुपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाता फर्म/कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. तथा नाम | छनोट भएको बोलपत्रदाताको नाम | कबोल अंक (VAT बाहेक) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| १ | 16/12/2024 | MP/PHLMC/NCB/GOODS-1/2081-082; The Procurement and Supply of Albendazole Tablet | Aaditya International, Janakpurdham-2, Dhanusha | 10,23,000/- | 8,17,357.18 |

**साथै:** तपसिलको मितिमा प्रकाशित तपसिल बमोजिमको ठेक्कामा संशोधन गरिएको व्यहोरा अनुरोध छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र प्रणाली (eGP System) www.bolpatra.gov.np/egp मा हेर्नुहुन जानकारी गराइन्छ।

| ठेक्का नं. | ठेक्काको नाम | प्रकाशित मिति | बोलपत्र बुझाउने अन्तिम मिति |
|---|---|---|---|
| MP/PHLMC/NCB/GOODS-9.1/2081-082 | The Procurement and Supply of Medicines for Non-Communicable Diseases (Package-I) | 26 December 2024 | 26 January 2025 |
| MP/PHLMC/NCB/GOODS-9.2/2081-082 | The Procurement and Supply of Inhaler and DPI Device (Package-II) | 26 December 2024 | 26 January 2025 |
| MP/PHLMC/NCB/GOODS-11.1/2081-082 | The Procurement and Supply of Medicines for Non-Communicable Diseases (Package-I) | 29 December 2024 | 28 January 2025 |
| MP/PHLMC/NCB/GOODS-11.2/2081-082 | The Procurement and Supply of Inhaler and DPI Device (Package-II) | 29 December 2024 | 28 January 2025 |

(निर्देशक)

# रविलाई धरौटीमा रिहा गरेपछिका अनुत्तरित प्रश्न



● श्यामप्रसाद मैनाली



> स्वार्थ गाँसिएका विषयमा खोजीखोजी निर्णय लिने आफू र आफ्ना समूहकालाई लाभान्वित गराउने कामलाई दैनिकीकै रूपमा राजनीति गर्नेहरूले लिएका छन् । यो भ्रष्टाचारको स्रोत हो भन्ने पक्षलाई पूर्ण रूपमा विस्मरण गरिएको छ । यी अवस्थामा पूर्ण रूपमा सुधार नगरेसम्म नेपालमा खासै आर्थिक समुन्नति हुने देखिँदैन

नेपालका युट्युबरदेखि प्रायः सबै सञ्चार माध्यमहरूले रविको थुनछेक बहसका विषयलाई लिएर विश्लेषण, चर्चा, परिचर्चा गरिराखेका छन् । देशमा कानुनी समानता देखाउने देखाउने दाँत मात्र भएको छ । यसको प्रत्यक्ष उदाहरण काठमाडौं जिल्ला अदालतमा देख्न सकिन्छ । त्यहाँ सामान्य खुद्रा अपराधीहरूलाई हत्कडी लगाएर कडा सुरक्षा निगरानीमा राखिएको हुन्छ । मानौं यिनै पकेटमारा युवा, युवतीहरूले नै यो देश समाप्त पार्दै छन् ।

अदालतमा पेस भएका विभिन्न प्रकृतिका अपराधीहरूमा पनि सामान्य नागरिकहरू सामान्य प्रकृतिका अपराधीहरूलाई पुर्पक्षका लागि थुनामा नै राखेको र तडकभडक देखाउन सक्ने ठूला अपराधीहरूलाई प्रायः सामान्य धरौटी र तारिखमा छाडिदिएको अवस्था छ । सञ्चार माध्यमहरूमा सम्प्रेषित समाचारहरू पढ्दा, सुन्दा यही अवस्था देखिन्छ । शिक्षा सेवाका बारेमा विश्लेषण गर्दा नेपालको दूरदराजका दुर्गम र स्रोतसाधन केही नभएका विद्यालयहरूले पाउने शिक्षाको गुणस्तर र राजधानी सहरका विद्यालयहरूले प्रदान गर्ने गुणस्तरमा ठूलो असमानता छ । त्यसमा पनि सम्भ्रान्त परिवारले चलाएका आवासीय विद्यालयहरू र अन्य सरकारी विद्यालयहरूको अवस्था राजधानी सहरमा पनि बडो विभेदकारी देखिन्छ । स्वास्थ्यको अवस्था हेर्ने हो भने सरकारी अस्पतालहरूले ठूलो मात्रामा रकम खर्च गरी उपचार सामग्रीहरू खरिद गरेका छन् । तर, उपयोगमा नआई कतिपय सामग्रीहरू बिग्रिएको अवस्था छ ।

निजी अस्पतालहरूमा तुलनात्मक रूपमा स्रोत, साधन र बजेट कम छ तर गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध निजी अस्पतालहरूले प्रदान गरिराखेका छन् । नेपालको करिब १६ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि रहेका नेपालीहरूले यी निजी अस्पतालहरू र निजी विद्यालयहरूबाट सेवा पाउने अवस्था रहँदैन । स्पष्ट रूपमा भन्नुपर्दा नेपालको शिक्षा र स्वास्थ्य सेवाको अवस्था अध्ययन गर्दा यो सुविधासम्पन्न र सम्भ्रान्त परिवारका लागि मात्रै सीमित गरिएको छ । शिक्षा र स्वास्थ्य पूरै व्यापारीकरण भएको छ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा र स्वास्थ्यसम्बन्धी मौलिक हकको हदैसम्मको खिल्ली उडाउने काम सरकारमा रहनेहरूले गरिरहेका छन् । भ्रष्टाचारको कथा-व्यथा अत्यन्त पीडादायी छ ।

नेपालका ठूला पदमा रहेका व्यक्तिहरूले विशेषगरी राजनीतिक तहबाट हुने ठूला भ्रष्टाचारहरू सबै नीतिगत भ्रष्टाचारका नाममा नियन्त्रक निकायले अनुसन्धानसम्म पनि गर्न नपाउने व्यवस्था मिलाइएको छ । मन्त्रिपरिषद्ले गरेका सबै निर्णयहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न नपाउने र हेर्न साहस पनि गर्न नसक्ने अवस्था सिर्जना गरिएको छ । स्वार्थ गाँसिएका विषयहरूमा खोजीखोजी निर्णय लिने आफू र आफ्ना समूहकालाई लाभान्वित गराउने कामलाई दैनिकीकै रूपमा राजनीति गर्नेहरूले लिएका छन् । यो भ्रष्टाचारको स्रोत हो भन्ने पक्षलाई पूर्ण रूपमा विस्मरण गरिएको छ । यी अवस्थामा पूर्ण रूपमा सुधार नगरेसम्म नेपालमा खासै आर्थिक समुन्नति हुने देखिँदैन ।

सुशासनको कुरालाई नेपालमा विस्मरण गरिदिँदा हुन्छ । यो मात्र सैद्धान्तिक अवधारणामा सीमित भइराखेको छ । यस प्रकारको विकृति र विसंगति नेपालमा रहेका सबै सार्वजनिक पदाधिकारीहरूले आमन्त्रण गरिराखेका छन् । यसबाट पीडित हुने भनेकै सर्वसाधारण गरिब नेपाली नागरिकहरू हुन् । यस अवस्थाबाट राष्ट्रलाई मुक्ति दिलाउन भन्दै राजनीतिक क्षेत्रमा केही नयाँ दलहरू र स्वतन्त्र युवाहरूले उम्मेदवारी दिएका थिए । नेपाली जनताले यीमध्ये केहीलाई विजयी गराई उनीहरूको शासन हेर्ने इच्छा गरेको अवस्था छ ।

विगतका स्थानीय तहहरू र प्रदेश एवं प्रतिनिधिसभाको परिणामले यही संकेत र सन्देश दिएको छ । यही परिवेशमा यो अवसरको फाइदा उठाई नेपाली जनतालाई सुशासन प्रदान गर्ने अभिप्रायसहित यही नाराका आधारमा उदाएको नयाँ दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी देखिएको छ । यो दल देशमा सुशासन कायम गर्न र आर्थिक समुन्नतिका लागि दृढताका साथ अघि बढ्न कुन हदसम्म सफल हुने हो ? नेपाली जनताले आउँदा दिनहरूमा यस दललाई र यसका नेताहरूलाई कसरी विश्वास गर्ने हुन् वा होइनन् ? यही विषय अहिले विश्लेषण गर्नुपर्ने भएको छ । यस आलेख यसैमा केन्द्रित रहेको छ ।

जान्नेलाई छान्ने मूल नाराका साथ राजनीतिमा होमिएको राष्ट्रिय स्वतन्त्र दलका नेता तथा सभापति रवि लामिछाने प्रारम्भिक दिनदेखि विवादमा तानिँदै गएका थिए । उनको व्यक्तिगत जीवनलाई पनि चर्चाको विषय बनाइएको छ । यद्यपि, यसबारेमा यहाँ विश्लेषण नगर्ने सोच बनाइएको छ । संयुक्त राज्य अमेरिकामा बस्दा नौवटा मुद्दा त्यहाँको अदालतमा चलेका थिए । त्यही अवस्थामा रविजी नेपाल आएका हुन् । नेपालमा आउँदा उनले नेपाल र संयुक्त राज्य अमेरिका दुवै देशहरूको राहधानी र नागरिकता प्रयोग गरिरहेका थिए ।

नेपाल प्रवेश गरेपश्चात् पत्रकारका रूपमा एक कार्यक्रम सञ्चालकको भूमिकामा रहेका रविजीले त्यहीबाट आफ्नो प्रख्याति नेपाली जनतासमक्ष स्थापित गर्न सफल भएका हुन् । पत्रकारिता नै गर्दाको अवस्थामा उनलाई पत्रकार पुडासैनी जो उनकै सहकर्मी थिए उनले आत्महत्या गर्नुअघि केही अभिव्यक्तिहरू रेकर्ड गराई देह त्याग गरेका थिए । यसरी पुडासैनीजीको मृत्युपश्चात् आत्महत्या दुरुत्साहन मुद्दाको सामना रविजीले चितवन जिल्ला अदालतमा गर्नुपर्‍यो । उनको निडर, निर्भीक पत्रकारिता देखेर प्रभावित भएका चितवनका नागरिकहरूले रविजीलाई सरकारले फसाएको अर्थमा लिई ठूलो समर्थन दिएका थिए ।

सम्भवतः यही जनसमर्थनको कारण उनले अदालतबाट सफाइ पाउन ठूलो सहयोग मिलेको थियो । यसबाट रविजी उत्साहित हुन पुगे । चितवनबाटै निर्वाचन लडे, ठूलो मतान्तरका साथ विजय बने । तर, पासपोर्ट र नागरिकता प्रकरणकै कारण उनको नेपाली नागरिकता विवादित बन्न पुग्यो । गैरनेपाली नागरिकले निर्वाचनमा भाग लिन नपाउने कारण देखाउँदै अदालतले नेपाली नागरिकता लिन र उनको सांसद पद समाप्त भएको चितवनमा उपनिर्वाचन हुनेसम्मको निर्णय दिनुपर्‍यो । यसबाट रविजीलाई एक धक्का पुगेकै हो ।

नेपाली नागरिकताको प्रमाणपत्र लिई उपनिर्वाचनमा पुनः प्रतिस्पर्धा गर्न पुगेका रविजीले थप मतान्तरले पुनः विजयी बन्ने अवसर पाए । अन्य जिल्लामा उनका उम्मेदवार पूर्वडीआईजी रमेश खरेल पराजित हुन पुगे । तनहुँमा त्यहाँबाट निर्वाचित सांसद रामचन्द्र पौडेल राष्ट्रपति बनेपश्चात् भएको उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका स्वर्णिम वाग्लेजी पनि विजयी भई एक स्थान थप भई प्रतिनिधिसभामा २१ स्थानमा विजयी भएको चौथो ठूलो राजनीतिक दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो उपस्थिति दियो । यो छोटो अवधिमा प्राप्त गरेको सफलताले रविजीलाई थप उत्साहित बनाउने नै भयो ।

लामिछाने गृहमन्त्री तथा उपप्रधानमन्त्रीबाहेक अन्य मन्त्रालयमा नजाने र सो पद नपाएको खण्डमा नयाँ बन्न लागेको सरकारलाई समर्थन पनि नगर्ने कडा अडान लिई सोही पदमा विराजमान भए । सो पदमा रहँदा प्रथमपटक पनि केही विवादमा आएका रविजी यसपटक धेरै ठूला ठूला अभिव्यक्ति दिई सो अभिव्यक्तिअनुसार केही गर्न नसक्ने गृहमन्त्रीका रूपमा स्थापित हुन पुगे । उनीभन्दा अघिका गृहमन्त्री नारायणकाजी श्रेष्ठको तुलनामा उनी छायामा पर्दै गए । यसबाट सतर्क भएका रविजीले ठूलाठूला दलहरूका विवादित पात्रहरू र उनीहरूका विरुद्ध सञ्चार माध्यममा छताछुल्ल भएका काण्डहरूको छानबिन प्रारम्भ गर्ने प्रयास गर्दै गरेको अभिव्यक्ति दिन पुगे ।

यही अवस्थामा सरकार विघटन भयो । वर्तमान सरकार गठन भएको अवस्था छ । नयाँ सरकार गठन भएपश्चात् पहिलेदेखि रविजीका विरुद्ध छताछुल्ल भएका केही विवादित विषयहरूमा तीव्र गतिमा अनुसन्धान कार्यहरू अघि बढ्दै गयो । अन्तमा रविजी लामो समय हिरासतमा रही कास्की जिल्ला अदालतको आदेशले ६५ लाख धरौटी बुझाई रिहा भएका छन् । उनका विरुद्ध काठमाडौं जिल्ला अदालतमा पनि ठगी मुद्दा दायर भइसकेको छ । रूपन्देही, पर्सा र चितवनमा पनि मुद्दा दायर हुने अवस्थामा रहेको समाचारहरू सम्प्रेषण भइराखेका छन् । यस अवस्थामा केही संवेदनशील प्रश्नहरू सर्वत्र उठिराखेका छन् । यसको उत्तर सर्वसाधारण नागरिकहरूले पाएका छैनन्, त्यस सूचनाबाट सुसूचित हुन पाउने अधिकार सार्वभौम नेपाली नागरिकहरूमा सुरक्षित रहेको छ ।

सर्वप्रथम त दोषी जोकोहीउपर कारबाही हुनुपर्छ । रविले पनि यसबाट उन्मुक्ति पाउन सक्दैनन् । यस अर्थमा रविमाथि सरकारले पूर्वाग्रहका साथ अनुसन्धान गरी मुद्दा दायर गरेको भन्ने प्रश्न राष्ट्रिय स्वतन्त्र पार्टीका समर्थकहरू र केही स्वतन्त्र बुद्धिजीवीहरूले गरिराखेका छन् । रविमाथि अनुसन्धान गर्न अनुसन्धान निकाय स्वतन्त्र हुनुपर्छ । कुनै पनि प्रकारको सर्त कुनै पक्षले पनि राख्न मिल्दैन । तर, यसो भन्दैमा ठूला दलहरूका विवादित व्यक्तिहरूप्रति पनि तीव्र गतिमा अनुसन्धानको अपेक्षा जनमानसमा भइराखेको छ । रविका बारेमा ठूलो रकमको दाबी गर्दै विभिन्न प्रकारका मुद्दाहरू दायर भएका छन् । यसका बारेमा अब सम्मानित अदालतले निष्पक्षतासाथ निर्णय लिने नै छ । तर, अन्य ठूला दलका विवादितहरू दोषी हुन् वा निर्दोष हुन्, त्यो पनि नेपाली जनताले सुसूचित हुने अवसर पाउनुपर्छ । यसबारेमा अनुसन्धान निकाय र सरकार मौन छ । दोस्रो हो रविमाथि २७ करोडको सम्पत्ति शुद्धीकरण मुद्दा दायर भएको छ ।

करिब ४ करोड ठगी मुद्दाको आरोपसमेत गरी ३१ करोड रुपैयाँको अभियोग कास्की जिल्ला अदालतमा मात्रै छ । यति ठूलो रकम अपचलन, विश्वासघात, ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा ६५ लाख मात्र धरौटी लिँदा रविप्रति मुद्दा हेर्ने न्यायाधीश आवश्यकताभन्दा बढी लचिलो भएको चर्चा भइराखेको छ । योभन्दा पनि ठूलो आरोप न्यायाधीशमाथि लागेको छ ।

न्यायाधीश राईजीले रविलाई ६५ लाख र छविलाई ८८ लाख धरौटी माग गर्ने निर्णयमा ५ बजेर ४५ मिनेट जाँदा हस्ताक्षर गरेको समाचार आइराखेको छ । तर, त्यो हस्ताक्षर गर्दाको अवस्थामा रवि र छवि दुवै क्रमशः ६५ र ८८ लाख रुपैयाँबराबरको बैंक ग्यारेन्टी तयार पारी इजलासमा खडा थिए । निर्णय हुनासाथ बैंक ग्यारेन्टी पेस गरेर उनीहरू बाहिरिएका छन् । न्यायाधीशले दिने निर्णय यसरी निर्णय आउने अगाडि नै आरोपित प्रतिवादीहरूले कसरी थाहा पाए ? यसमा न्यायाधीश र यी प्रतिवादीहरूका बीच मिलिभगत भएको, सेटिङमा न्यायाधीशजीले निर्णय लिएको आक्षेप लगाउने काम भइराखेको छ । न्यायाधीशविरुद्ध न्याय परिषद्मा समेत उजुरी परेको अवस्था छ ।

तसर्थ, न्यायपरिषद्ले स्पष्टताका साथ गहिरिएर यस प्रकरणको छानबिन गर्दै आफ्नो निर्णय सार्वजनिक गरी जिज्ञासु नेपाली न्यायप्रेमी नागरिकहरूलाई विश्वस्त बनाउन सक्नुपर्छ । तेस्रो प्रश्नको जवाफ स्वयं रविले दिनुपर्छ । त्यो हो रविजी गोर्खा मिडियामा प्रबन्ध निर्देशकका रूपमा रहेको विषयलाई स्वीकार गरेका छन् । उनले करिब ९ सय चेकमा हस्ताक्षर गरेका छन् । रविको हैसियत प्रबन्ध निर्देशक मात्र नभई सञ्चालकका रूपमा पनि रहेका हुन् । उनले अदालतमा दिएको बयान पनि चर्चाको विषय छ । रवि प्रबन्ध निर्देशकको रूपमा रहेका थिए । चेकमा सही गर्ने जिम्मेवारी प्रबन्ध निर्देशककै हो ।

थुप्रै चेकहरूमा सही गरेको पनि हो । यी सन्दर्भमा रविले स्वीकार गर्दै अर्को एक तर्क पनि दिएका छन् कि उनी वित्तीय जिम्मेवारीमा रहेका होइनन् र थिएनन् । यसप्रकारको अभिव्यक्ति राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षजस्तो नेपाली नागरिकहरूले विश्वास गर्दै गएको दलको सभापतिको आउनुहुने थिएन । किनकि चेक काट्ने, रकम दाखिला गराउने, रकम संकलन गर्ने, संकलन भएको रकम कहाँबाट कसरी प्राप्त भएको हो ? यी सबै विषयहरूमा प्रबन्ध निर्देशक जिम्मेवार हुन्छ । यसमा उसले पूर्ण रूपमा चनाखो भनी सञ्चालकहरूलाई समेत सचेत गराउने भूमिकाको निर्वाह गर्नुपर्ने हुन्छ । रवि एकल व्यक्ति प्रबन्ध निर्देशक र सञ्चालक दुवै हुन् ।

यस अर्थमा पनि वित्तीय कारोबारमा उनी थिएनन् होइनन् । रकम कहाँबाट आयो ? उनलाई थाहा भएन भन्ने अभिव्यक्ति आफैंमा हास्यास्पद हुन्छ । जिम्मेवार व्यक्तिबाट यस्तो अभिव्यक्ति दिन मिल्दैन । अदालतले धरौटी माग गर्दाको अवस्थामा रकम सहकारीबाट गोरखा मिडियामा आएको, गोर्खा मिडियाबाट रविको खातामा रकम गएको, सो रकमबाट रविका आफन्तहरूको खातामा रकम ट्रान्सफर भएको व्यहोरासमेत उल्लेख गरिएको छ ।

आदेशमा प्रथम दृष्टिमा रविलाई निर्दोष मान्न नसकिने वाक्यांशसमेत उल्लेख भएको छ । यसको अर्थ रवि प्रथम दृष्टिमा नै उपलब्ध भएसम्मका प्रमाणहरूका आधारमा दोषी देखिने आधारहरू प्रशस्त भएको देखिएको हो । यसबारेमा जनतालाई गुमराहमा राख्न रविले मिल्दैन । उनले स्पष्टतः ममाथि अभियोग छ । यो अभियोगमा अदालतबाट सफाइ नपाएसम्म मैले यसबारेमा सफाइ पाएको भन्न मिल्दैन ।

तसर्थ, अदालतको अन्तिम फैसलालाई प्रतीक्षा गर्नुपर्छ भन्ने अभिव्यक्ति शीघ्र आउनुपर्थ्यो । रविले सबैलाई धन्यवाद दिँदै बेला आएपछि बोल्ने र लामो लडाइँ लड्ने अभिव्यक्ति दिएका छन् । यो आफैंमा स्वागतयोग्य छ । त्यसैले रविले आफ्नो नैतिकताको समेत ख्याल गर्दै यी विषयमा आफ्ना मतदाताहरूलगायत सबै नेपाली नागरिकहरूलाई स्पष्ट पार्नुपर्छ । उनका कार्यकर्ताहरूले संसदीय समितिबाट र अहिले अदालतबाट पनि सफाइ पाएको दाबी गर्दै विजय उत्सवजस्तै मनाइराखेका छन् । यो दृश्य जोकोही न्यायप्रेमी सचेत नेपालीहरूलाई उपयुक्त नलागेको अभिव्यक्ति यत्रतत्र सर्वत्र आइराखेको छ ।

राजनीति गर्ने व्यक्तिले यो संकटबाट आफूलाई पार लगाउन सबै नागरिकहरूलाई स्वीकार्य हुने विश्वस्त हुने र सबैको मनमस्तिष्कमा राज गर्न सक्ने गरी अभिव्यक्ति शीघ्र रविबाट आउनुपर्छ । रविले पटकपटक मेरो यही हातले देशका उनलाई छानबिन गराउने मुद्दा चलाउने व्यक्तिहरूप्रति लक्षित गर्दै हत्कडी लगाउने अभिव्यक्ति दिएका छन् । यो अभिव्यक्ति आफैंमा सार्वजनिक जिम्मेवारीमा बसेका व्यक्तिलाई सुहाउने होइन ।

सार्वजनिक पदाधिकारीले पूर्वाग्रह राख्नु हुँदैन । अरू कसैले पूर्वाग्रह राखेकै हो भने पनि भविष्य भएका राजनीतिज्ञले त्यस्तो व्यवहार र गर्न र अभिव्यक्ति दिन मिल्दैन । यसमा रविले आफ्ना धारणा जनतासमक्ष ल्याउनैपर्छ । किनकि पूर्वाग्रह राखेर होइन जोकोही दोषीलाई कानुनतः कारबाही गर्दा नेपाली जनताको साथ र समर्थन पाइन्छ । यसमा सन्देह गरिरहनु पर्दैन । रविले स्पष्ट रूपमा भन्नुपर्छ उनले दुईवटा देशहरूका नागरिकताहरू प्रमाणपत्रहरू र राहधानीहरू प्रयोग गरेका हुन् ? उनका विरुद्ध कास्की जिल्ला अदालतमा दायर भएको २७ करोड रकमको स्रोत के हो ? यति ठूलो रकम कहाँबाट आयो ? यो स्पष्ट पार्नुपर्छ ।

अदालतले नै नेपाली नागरिक नरहेको स्पष्ट पारेकै अवस्थामा त्यसअघि चितवनबाट गैरनेपाली नागरिकले उम्मेदवारी दिनु नै नेपालको कानुनअनुसार अपराधपूर्ण कर्म होइन र ? त्यसैले यस्ता संगीन आरोपहरू र यथार्थहरूका बारेमा रविले आफूलाई खरो रूपमा तथ्यका आधारमा रही नागरिकसमक्ष स्पष्ट हुनैपर्छ । अदालतबाट सफाइ पाउने या नपाउने पक्ष जनताका अगाडि गौण बन्छ । तर, यसतर्फ रविको ध्यान गएको छैन । आफूलाई आफैंले निर्दोष, स्वच्छ, निष्कलंक साबित गर्नुको कुनै अर्थ रहँदैन । नियन्त्रक निकायले मुद्दा चलाउनु हुँदैन । अदालतले सफाइ दिनुपर्छ । जनता विश्वस्त हुनुपर्छ । अनि मात्र राजनीतिक यात्रा फलिफाप हुनेछ । यसतर्फ रविलाई शुभचिन्तकका नाताले सुझाव दिन उपयुक्त देखेको छु ।

## टिप्पणी प्रतिक्रिया

### सर्वोच्चको आदेश कार्यान्वयनमा ढिलाइ

सर्वोच्च अदालतले झापाको गिरीबन्धु टी-इस्टेटलाई ३ सय ४३ रोपनीभन्दा बढी जग्गा सट्टापट्टा गर्न दिनेगरी केपी शर्मा ओली सरकारले गरेको निर्णयलाई बदर गरेको लामो समय बित्दा पनि वर्तमान सरकारको दवाबका कारण फैसला कार्यान्वयनमा आउन नसकेको नेपाली कांग्रेसले छानबिन प्रक्रिया अगाडि बढाउनुपर्छ भन्दै आएको थियो । तर, सत्ता गठबन्धनमा सामेल भएपछि नेपाली कांग्रेसले पनि यो विषयमा मौन बसिराखेको छ । वर्तमान गठबन्धन सरकार शरणार्थी प्रकरण र गिरीबन्धु टी-इस्टेट प्रकरण कार्यान्वयन नगराउन नै एकजुट भएको सर्वत्र चर्चा सुनिन्छ ।

गिरीबन्धु टी-इस्टेटलाई तत्कालीन प्रधानमन्त्री ओलीको मन्त्रिपरिषद्ले १३ वैशाख २०७८ मा ३ सय ४३ बिघा जग्गा साबिक प्रदेश १ भित्रै सट्टापट्टा गर्न दिने निर्णय गरेको थियो । हाल पनि ओली नेतृत्वको सरकार छ । तत्कालीन अवस्थामा गिरीबन्धु टी-इस्टेटलाई जग्गा सट्टाभर्ना गर्न



घामजत्तिकै छर्लंग छ । वर्तमान ओली सरकार सो फैसला कार्यान्वयन नगर्न सर्वोच्च अदालतले पठाएको पत्र अड्काएर बसिराखेको छ । सो पत्र मन्त्रालयमा आएको र पत्र अध्ययनमा रहेको मन्त्रालयका अधिकारीहरू टार्दछन् । गिरीबन्धु टी-इस्टेटको विषयमा सर्वोच्चले फैसला गरेसँगै दिने सो निर्णय खारेजीको माग गर्दै अधिवक्ता ओमप्रकाश अर्याल, ओमप्रकाश मिश्र र भक्तराज भारतीसमेतले सर्वोच्चमा मुद्दा दायर गरेका थिए । सो निर्णयविरुद्ध परेको मुद्दामा तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, सुष्मालता माथेमा, सपना प्रधान मल्ल र प्रकाशमानसिंह राउतसहितको संवैधानिक इजलासले 'नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७८/१/१३ को प्रत्यार्थी गिरीबन्धु टी-इस्टेट प्रालिलाई ३४३-१९-१२ बिघा जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने विवादित निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ 'ग'लगायतका कानुनी प्रावधानअनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले सो निर्णय र सोबमोजिम भए गरिएका काम कारबाहीसमेत बदर हुने ठहर्छ,' भन्दै उत्प्रेषणको आदेशले सो निर्णय र सोबमोजिम भए गरेका कामकारबाहीसमेत बदर हुने फैसला सुनाएको थियो ।

यस्तै, जग्गा सट्टापट्टा कसरी गर्ने भन्ने मापदण्डबारे पनि इजलासले मार्गनिर्देश गरेको थियो । 'सामान्यतया हदबन्दीभन्दा बढी भएको जग्गा जफत नै गर्नुपर्ने हुन्छ । यस मान्यतामा अन्यथा प्रतिकूल असर नपर्नेगरी जग्गाको क्षेत्रफल, चिया उत्पादन हुने क्षमता, सम्भाव्यता, सट्टापट्टा हुने जग्गाको समानुपातिक सुनिश्चितता, सट्टापट्टा गरिने जग्गाको मूल्यसमेतका समग्र प्राविधिक तथा व्यवस्थापकीय विषयहरू यकिन भएपछि भूमिसम्बन्धी ऐनलगायत सोसम्बन्धी अवधारणाअनुकूल हुनेगरी मात्र हदबन्दीभन्दा बढी भएको जग्गाको व्यवस्थापन गर्नू/गराउनू,' सर्वोच्चको आदेशमा भनिएको छ ।

भूमाफियाले जग्गा प्लटिङ गरेर बिक्री गर्ने योजना तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमै गरेका थिए । त्यतिबेला बिचौलियाले भूमिसम्बन्धी ऐन संशोधन गराएर सो जग्गा हत्याउन खोजेका थिए । तर, त्यतिबेला उनीहरू सफल भएनन् । ज्ञानेन्द्र शाहका पालामा हुन नसकेको काम एमाले अध्यक्ष ओली नेतृत्वको सरकारले ऐन संशोधन गरेर माफियालाई सजिलो बनाउने काम भयो ।

यसरी, ओली सरकारले वस्तुगतभन्दा पनि विषयगत र अमूर्त सर्त राखेर नियमावली जारी गरेको थियो । सोही तजबिजी अधिकार प्रयोग गरेर भूमाफियालाई सहयोग पुग्ने गरी नियमावलीसमेत उल्लंघन गरेर गिरीबन्धु टी-इस्टेटको जग्गा सट्टापट्टा गर्ने निर्णय भएको थियो । सो निर्णयलाई सर्वोच्च अदालतले उधारो सर्त, तजबिजी र अपरिपक्व निर्णय पनि भनेको छ । समग्रमा जे भने पनि वर्तमान ओली सरकार देशमा न्याय व्यवस्था कायम गर्नभन्दा आफ्नो दुनो सोझ्याउन मात्र तल्लीन छ । आफ्नो नजिकका र वर्तमान सरकारको समर्थन गर्नेलाई जस्तै अपराध गरे पनि बचाउन हरसम्भव प्रयास गर्छ भने आफ्नो र वर्तमान सरकारको विरोध गर्नेलाई मात्र कानुनी सजाय दिलाउन घुँडा धसेर लाग्ने गरेको स्पष्टै हुन्छ ।

● हरिकृष्ण पाठक
*गुल्मी*

### सागसब्जीबाट जीविकोपार्जन सहज बन्यो

बागलुङ काठेखोला गाउँपालिका-८ लेखानी गाउँ बसाइँसराइका कारण बिस्तारै रित्तिँदै छ । हुने-खाने सहर-बजार झरेपछि गाउँमा न्यून परिवारमात्रै छन् । गाउँमा स्थानीयले व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी गर्नुका साथै जीविको चलाउँदै आएका छन् । गाउँका झन्डै सय घरपरिवार तरकारी खेतीमा आबद्ध छन् । उनीहरूलाई स्थानीय सरकार तथा विभिन्न संघसंस्थाले प्राविधिकसहित तालिम र अनुदानसमेत दिने गरेका छन् । लेखानी गाउँको टोल-टोलमा प्लास्टिकका टनेल भेटिन्छन् । गाउँमा किसानले व्यावसायिक रूपमा तरकारी खेती गर्दै आएपछि उनीहरूको जीवनस्तरमा पनि सुधार आउन थालेको छ ।

गत वर्ष गाजा फाउन्डेसनले ५० परिवारलाई तरकारी खेती गर्ने तालिम र अनुदान दिएको थियो । त्यसपछि गाउँमा तरकारी खेती गर्नेको लर्को लाग्न थालेको छ । तरकारी बेचेरै यहाँका धेरैले दैनिकी चलाउने गरेका छन् । यहाँका किसानले उत्पादन गरेको तरकारी बागलुङमा खपत हुने गरेको छ । पहिले कोदो, मकै, र दोरी फल्ने बारीमा अहिले लटरम्म गोलभेँडा, बन्दा, काउली र साग उब्जिरहेका छन् । गत वर्ष असारमा दिइएको तरकारी खेतीसम्बन्धी तालिमले किसानलाई व्यावसायिक बन्न प्रेरित गरिरहेको छ ।

● श्याम विश्वकर्मा
*बागलुङ*

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालयः** काठमाण्डौं-२, लाजिम्पाट, **फोन :** ०१-४५४५४२४/२५/२६,
**वेभसाइटः** www.garimabank.com.np

# धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८१/१०/०७ गते**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ । धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **१. ऋणीको नामः मन्त्र रेष्टुरेण्ट लज एण्ड बार**<br>फर्मको ठेगाना : हेटौडा उ.म.न.पा-२ संगमचोक मकवानपुर<br>फर्म दर्ता नं. : १२२९/५०१/०७५/०७६<br>फर्म दर्ता मिति : २०७५/१०/०३<br>फर्मको पान नं. : ६०३६८८९९७<br>फर्म दर्ता निकाय : प्रदेश सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश हेटौडा, मकवानपुर<br>**प्रोप्राईटर/व्यक्तिगत धन जमानीकर्ताको नामः सुदिप राजबाहक**<br>बावुको नाम : मंगल राजपुटुवार राजबाहक<br>बाजेको नाम : कृष्ण बहादुर राजपुतुवार<br>स्थायी ठेगाना : हेटौडा उ.म.न.पा.-२, मकवानपुर<br>हालको ठेगाना : हेटौडा उ.म.न.पा.-२, मकवानपुर<br>ना.प्र.नं.: १८/२८३<br>जारी मितिः २०५८/०२/२९<br>जारी जिल्लाः मकवानपुर<br>**कर्जा शीर्षकः साना तथा मझौला आवधिक कर्जा र साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालयः हेटौडा, मकवानपुर** | **क) नामः पुर्ण लक्ष्मी (राजपुतवार) राजवाहक**<br>पतिको नाम : मंगल प्रसाद राजपुतवारी<br>ससुराको नाम : कृष्ण बहादुर राजपुतुवार<br>स्थायी ठेगाना : दधिकोट गा.वि.स.-९, भक्तपुर<br>हालको ठेगाना : हेटौडा उ.म.न.पा.-२, मकवानपुर<br>ना.प्र.नं.: २६८८९, जारी मितिः २०५७/०२/०६,<br>जारी जिल्लाः भक्तपुर<br>**ख) नामः सबिता रेग्मी**<br>पतिको नाम : सुदिप राजबाहक<br>ससुराको नाम : मंगल राजपुटुवार राजबाहक<br>स्थायी ठेगाना : हेटौडा न.पा.-४, मकवानपुर<br>हालको ठेगाना : हेटौडा उ.म.न.पा.-२, मकवानपुर<br>ना.प्र.नं.: ३१/२१९०१, जारी मितिः २०६२/०१/१४<br>जारी जिल्लाः मकवानपुर<br>**ग) नामः संजिव राजवाहक**<br>बावुको नाम : मंगल प्रसाद राजपुतुवार<br>बाजेको नाम : कृष्ण बहादुर राजपुतुवार<br>स्थायी ठेगाना : हेटौडा न.पा.-३, मकवानपुर<br>हालको ठेगाना : हेटौडा उ.म.न.पा.-२, मकवानपुर<br>ना.प्र.नं: १२/९०१३, जारी मितिः २०६०/०८/११<br>जारी जिल्ला : मकवानपुर |

*नोट : मन्त्र रेष्टुरेण्ट लज एण्ड बारको साना तथा मझौला आवधिक कर्जामा व्यक्तिगत धनजमानीकर्ताहरु सुदिप राजबाहक, पुर्ण लक्ष्मी (राजपुतवार) राजवाहक र सबिता रेग्मी रहेको र मन्त्र रेष्टुरेण्ट लज एण्ड बार को साना तथा मझौला अधिविकर्ष कर्जामा व्यक्तिगत धनजमानीकर्ताहरु सुदिप राजबाहक, पुर्ण लक्ष्मी (राजपुतवार) राजवाहक, सबिता रेग्मी र संजिव राजवाहक रहेको ।*

**सुरक्षण धितोको विवरणः** जिल्ला मालपोत कार्यालय हेटौडा, मकवानपुरमा पुर्ण लक्ष्मी (राजपुतवार) राजवाहकको नाममा दर्ता श्रेस्ता कायम रहेको हेटौडा न.पा. वडा नं. ३ स्थीत कित्ता नं. ७४३ र ७४४ को क्षे.फ क्रमशः ०-०-३.२५-० र ०-०-३.२५-० भएको जग्गा/घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **२. ऋणीको नामः रुष्मा इम्पेक्स**<br>फर्मको ठेगाना : काठमाण्डौं म.न.पा.-२५, काठमाण्डौं<br>फर्म दर्ता नं.: १५३३१५/०७६/७७ स्थानिय व्यापार<br>फर्म दर्ता मिति : २०७६-१०-०५<br>फर्मको पान नं.: ६०१०९५७७५<br>फर्म दर्ता निकाय : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग<br>**प्रोप्राईटर/व्यक्तिगत धन जमानीकर्ताः राकेसराज श्रेष्ठ**<br>बावुको नाम : प्रेम राज श्रेष्ठ<br>बाजेको नाम : बैकुण्ठ राज श्रेष्ठ<br>स्थायी ठेगाना : धुलिखेल न.पा-५, काभ्रेपलाञ्चोक<br>हालको ठेगाना : काठमाण्डौं म.न.पा.-२९, काठमाण्डौं<br>ना.प्र.नं.: ८६६७५, जारी मिति : २०५६/०६/१०<br>जारी जिल्ला : काभ्रेपलाञ्चोक<br>**कर्जा शीर्षकः व्यवसायिक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालयः लाजिम्पाट, काठमाण्डौं** | **क) नामः प्रेम राज श्रेष्ठ**<br>बावुको नाम : बैकुण्ठ राज श्रेष्ठ<br>बाजेको नाम : इन्द्र राज श्रेष्ठ<br>स्थायी ठेगाना : भानु गा.वि.स.-५, तनहुँ<br>हालको ठेगाना : काठमाण्डौं म.न.पा.-२९, काठमाण्डौं<br>ना.प्र.नं.: २४४८<br>जारी मिति : २०४४/११/२२<br>जारी जिल्ला :तनहुँ<br>**ख) नामः सविना श्रेष्ठ**<br>पतिको नाम : राकेसराज श्रेष्ठ<br>ससुराको नाम : प्रेम राज श्रेष्ठ<br>स्थायी ठेगानाः धुलिखेल न.पा.-५, काभ्रेपलाञ्चोक<br>हालको ठेगानाः काठमाण्डौं म.न.पा.-२९, काठमाण्डौं<br>ना.प्र.नं.: ३०१०३७/१६२३९४<br>जारी मितिः २०६४/०४/१८<br>जारी जिल्लाः काभ्रेपलाञ्चोक |

**सुरक्षण धितोको विवरणः**
१. मालपोत कार्यालय, काभ्रेमा प्रेम राज कोजु श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको धुलिखेल न.पा. वडा नं. ८/क स्थित कित्ता नं. ९०० को क्षे.फ. ०-१२-०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. मालपोत कार्यालय, धादिङमा राकेसराज श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको निलकण्ठ गा.वि.स. वडा नं. १/च स्थित कित्ता नं. ८० र ८१ को क्षे.फ. क्रमशः ५-१४-१-२ र ५-१४-१-३ भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
